सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ५ र सूचनाको हक सम्बन्धी नियमावली, २०६५ को नियम ३ बमोजिम सार्वजनिक गरिएको विवरण

# आर्थिक बर्ष २०८१/०८२ को चौथो त्रैमासिक विवरण (बैशाख, जेष्ठ र अषाढ) महिनामा सम्पादित मुख्य-मुख्य क्रियाकलापहरुको विवरण



नेपाल सरकार

संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

## जिल्ला समन्वय समितिको कार्यालय

मोरङ, विराटनगर

नि. जिल्ला समन्वय अधिकारी

## स्वतः प्रकाशन (Proactive Disclosure)

नेपालको संविधानको धारा २७ मा रहेको सार्वजनिक निकायमा रहेको सूचना माग्ने र पाउने नागरिकको सूचनाको हकको भावना बमोजिम सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ५ र सूचनाको हकसम्बन्धी नियमावली, २०६५ मा प्रत्येक सार्वजनिक निकायले आफ्ना गतिविधिहरुको विवरण प्रत्येक ३/३ महिनामा प्रकाशित गर्नुपर्ने कानूनी व्यवस्था छ । यसका लागि ऐन र नियमावलीमा गरी २० वटा शीर्षक/विषयक्षेत्र तोकिएका छन् । सूचनाको हकसम्बन्धी कानूनको मूल ध्येय नै नागरिकको सुसूचित हुने हक प्रत्याभूत र अभिवृद्दी गर्नु रहेको छ । तद्अनुरुप आफ्नो निकायको पारदर्शिता, जवाफदेहिता, विश्वसनियता, जनसहभागिताको लागि नियमित रुपमा क्रियाकलापहरुको विवरण प्रकाशित (Proactive Disclosure) गर्ने क्रममा जिल्ला समंन्वय समितिको कार्यालय, मोरङ्गले आ.व. २०८१/०८२ को चौथो त्रैमासिक (बैशाख, जेष्ठ र असाढ महिनामा) सम्पादित क्रियाकलापहरुको मुख्य-मुख्य विवरण प्रस्तुत गरिएको छ ।

जिल्ला समन्वय समितिको कार्यालय, मोरङ
२०८२ साल श्रावण ०५ गते

नेपाल सरकार
जिल्ला समन्वय समितिको कार्यालय
मोरङ, विराटनगर
कोशी प्रदेश, नेपाल

नि. जिल्ला समन्वय अधिकारी

## विषयसूची

१. जिल्ला समन्वय समिति, मोरङको स्वरुप र प्रकृति
२. जिल्ला समन्वय समिति, मोरङको काम, कर्तव्य र अधिकार
३. जिल्ला समन्वय समिति, मोरङमा रहने कर्मचारी संख्या (दरबन्दी संरचना) र कार्य विवरण
४. जिल्ला समन्वय समिति, मोरङबाट प्रदान गरिने सेवा
५. सेवा प्रदान गर्ने शाखा, जिम्मेवार अधिकारी र सम्बन्धित शाखा प्रमुख
६. सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधि
७. निवेदन, उजुरी उपर निर्णय गर्ने प्रक्रिया र अधिकारी
८. निर्णय उपर उजुरी सुन्ने अधिकारी
९. सम्पादित मुख्य मुख्य क्रियाकलापहरुको विवरण
१०. सूचना अधिकारी र प्रमुखको नाम, पद र सम्पर्क नम्बर
११. ऐन, नियम, विनियम वा निर्देशिकाको सूची
१२. आम्दानी, खर्च तथा आर्थिक कारोबार सम्बन्धी अद्यावधिक विवरण
१३. तोकिए बमोजिमका अन्य विवरण
१४. अघिल्लो आ.ब.मा सञ्चालित कार्यक्रमहरु
१५. जिल्ला समन्वय समिति, मोरङको वेभसाइट, ईमेल ठेगाना तथा सामाजिक सञ्जाल
१६. वैदेशिक सहायता, ऋण, अनुदान एवम् सम्झौता सम्बन्धी विवरण
१७. जिल्ला समन्वय समिति, मोरङले सञ्चालन गरेको कार्यक्रम र सोको प्रतिवेदन
१८. जिल्ला समन्वय समिति, मोरङले वर्गीकरण तथा संरक्षण गरेको सूचनाको नामावली
१९. जिल्ला समन्वय समिति, मोरङमा परेको सूचना माग सम्बन्धी निवेदन र सूचना दिइएको विषय
२०. जिल्ला समन्वय समिति, मोरङका सूचनाहरु अन्यत्र प्रकाशन भएको वा हुने भए सोको विवरण
अनुसूची- १: जिल्ला समन्वय समिति, मोरङका पदाधिकारीहरुको सम्पर्क नम्बर सहितको विवरण
अनुसूची- २ जिल्ला समन्वय समिति, मोरङबाट सम्पादित क्रियाकलापका केही झलकहरु

नि. जिल्ला समन्वय अधिकारी

जिल्ला समन्वय समितिको कार्यालय, मोरङ
विराटनगर

सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ५ र नियमावली, २०६५ को नियम ३ बमोजिम प्रकाशित विवरण
आ.ब. २०८१/०८२ (२०८२ बैशाख, जेष्ठ र अषाढ)

१. जिल्ला समन्वय समिति, मोरङको स्वरुप र प्रकृति

जिल्ला समन्वय समितिको कार्यालय निर्वाचित जनप्रतिनिधिहरूले नेतृत्व गर्ने कार्यालय हो। जिल्ला समन्वय समितिका जिल्ला सभाका सदस्यहरुले निर्वाचित गरेका ६-९ जनाको संख्यामा पदाधिकारीहरु रहने व्यवस्था छ । जिल्ला भित्रका नगरपालिकाका प्रमुख र उपप्रमुख तथा गाउँपालिकाका अध्यक्ष र उपाध्यक्षहरु जिल्ला सभाका सदस्य रहन्छन् । जिल्ला सभाको तर्फबाट गर्नुपर्ने सम्पूर्ण काम जिल्ला समन्वय समितिले गर्ने संवैधानिक व्यवस्था रहेको छ । मोरङ जिल्लाको समन्वय समितिमा प्रमुख, उपप्रमुख र ७ जना सदस्य गरी जम्मा ९ जना पदाधिकारी रहनु भएको छ ।

मोरङ जिल्ला समन्वय समितिको बैठक प्रत्येक महिना कम्तिमा १ पटक नियमित रुपमा बस्ने गरेको छ भने आवश्यकता अनुसार बैठक बस्ने गरेको छ। संघीय सरकारबाट प्राप्त निर्देशन र जिल्ला समन्वय समितिले गर्ने निर्णयहरुको कार्यान्वयन तथा दैनिक प्रशासन संचालनको लागि जिल्ला समन्वय अधिकारी (रा.प.द्वितीय.श्रेणी) को नेतृत्वमा निजामती, सेवा करार तथा विविध सेवाका कर्मचारीहरु कार्यरत रहेका छन्। नेपालको संविधानले धारा २२० मा जिल्ला सभा र जिल्ला समन्वय समितिको व्यवस्था र स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ९२ मा जिल्ला समन्वय समितिले गर्ने कार्यको कानूनी व्यवस्था रहेको छ ।

२. जिल्ला समन्वय समितिको काम, कर्तव्य र अधिकार

देहाय बमोजिमका कार्यहरु यसको कार्यक्षेत्र भित्र पर्दछन् ।

१) संवैधानिक व्यवस्था

नेपालको संविधानको धारा २२० अनुसारका कार्यहरुः-

- जिल्ला भित्रका नगरपालिका र गाँउपालिकाबीच समन्वय गर्ने,
- विकास तथा निर्माण सम्बन्धी कार्यमा सन्तुलन कायम गर्ने र सोको अनुगमन गर्ने,
- जिल्लामा रहने संघीय र प्रदेश कार्यालय र स्थानीय तहहरुबीच समन्वय गर्ने,
- संघीय तथा प्रदेश कानून बमोजिमका अन्य कार्यहरु गर्ने ।

नेपाल सरकार जिल्ला समन्वय समितिको कार्यालय मोरङ, विराटनगर कोशी प्रदेश, नेपाल

नि. जिल्ला समन्वय अधिकारी

२) <u>कानूनी व्यवस्था</u>

<u>स्थानीय सरकार संचालन ऐन, २०७४ बमोजिम जिल्ला समन्वय समितिले गर्नुपर्ने कार्यहरु निम्नानुसार रहेका छनः-</u>

स्थानीय सरकार संचालन ऐन, २०७४ .को दफा ९२ मा जिल्ला सभाको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुने उल्लेख रहेको छ।

१) जिल्लाभित्रका गाउँपालिका वा नगरपालिकाको विकास निर्माणका विषय पहिचान गर्न तथा व्यवस्थापन गर्न आवश्यक समन्वय गर्ने,
२) जिल्लाभित्र सरकारी तथा गैरसरकारी क्षेत्रबाट सञ्चालित विकास निर्माण सम्बन्धि कार्यक्रमको विवरण तयार गरी त्यस्ता कार्यक्रमको प्रभावकारिता तथा व्यवस्थापनका विभिन्न चरणमा अनुगमन गर्ने, त्यस्ता कार्यक्रमको प्रतिफलका सम्बन्धमा क्षेत्र वा समुदायगत विषय क्षेत्रगत र पर्यावरणीय सन्तुलन कायम गर्न आवश्यक सुझाव वा मार्गदर्शन दिने र त्यसरी दिएका सुझाव या मार्गदर्शनलाई सार्वजनिक गर्ने,
३) जिल्लाभित्रका गाउँपालिका तथा नगरपालिकाको क्षमता विकासको लागि प्रदेश तथा संघसँग समन्वय गर्ने,
४) जिल्लामा रहने सङ्घीय वा प्रदेश सरकारी कार्यालय र गाउँपालिका तथा नगरपालिकाबीच समन्वय गर्ने,
५) जिल्लाभित्रका गाउँपालिका र नगरपालिकबीच कुनै विवाद उत्पन्न भएमा सोको समाधानका लागि समन्वय तथा सहजीकरण गर्ने,
६) जिल्लाभित्रका प्राकृतिक प्रकोप तथा विपद् व्यवस्थापन सम्बन्धी योजना र कार्यको समन्वय गर्ने,
७) जिल्लाभित्रका विकास तथा निर्माण सम्बन्धी कार्यमा सन्तुलन कायम गर्न गैरसरकारी सङ्घ,संस्था तथा निजी क्षेत्रसंग समन्वय गर्ने,
८) जिल्लाभित्रका विकास तथा निर्माण सम्बन्धि कार्यमा सन्तुलन भए नभएको सम्बन्धमा अध्ययन, अनुसन्धान तथा अनुगमन गरी विकास निर्माण सम्बन्धी कार्यमा सन्तुलन कायम गर्नको लागि मन्त्रालय, स्थानीय तहसम्बन्धी विषय हेर्ने प्रदेश सरकारको मन्त्रालय तथा आवश्यकता अनुसार सम्बन्धित गाउँपालिका तथा नगरपलिकालाई समेत सुझाव दिने,
९) आफ्नो काम कारबाहीको सम्बन्धमा मन्त्रालय र स्थानीय तह सम्बन्धी विषय हेर्ने प्रदेश सरकारको मन्त्रालयलाई प्रत्येक आर्थिक वर्ष समाप्त भएको दुई महिनाभित्र प्रतिवेदन दिने,
१०) जिल्लाभित्रको विकास तथा निर्माणलाई प्रभावकारी बनाउनको लागि वर्षको कम्तिमा एक पटक वार्षिक समिक्षाको कार्यक्रम आयोजना गरी सो जिल्लाबाट संघीय संसद र प्रदेश सभामा प्रतिनिधित्व गर्ने सांसद सदस्यलाई आमन्त्रण गरी सुझाव लिने ।

नेपाल सरकार
जिल्ला समन्वय समितिको कार्यालय
मोरङ, विराटनगर
कोशी प्रदेश, नेपाल

नि. जिल्ला समन्वय अधिकारी

<u>जिल्ला सभा ऐन, २०७५ को दफा ३ बमोजिम काम, कर्तव्य अधिकार देहाय बमोजिम रहेको छ:-</u>

जिल्ला सभाको काम, कर्तव्य र अधिकारः नेपालको संविधानको धारा २२० उपधारा (७) का अतिरिक्त जिल्ला सभाको अन्य काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

क. <u>विकास कार्यमा समन्वय</u>

(१) जिल्लाको समग्र विकाससम्बन्धी जिल्लास्तरीय नीति र मापदण्ड तर्जुमा गरी गाउँ/नगरपालिका मार्फत् कार्यान्वयन गर्न सहजीकरण गर्ने,

(२) जिल्लाको गौरव तथा दुई वा सोभन्दा बढी गाउँपालिका तथा नगरपालिकाबीचका रणनीतिक महत्त्वका आर्थिक, सामाजिक, पर्यटन, तथा बातावरणीय सुधार र सुशासन क्षेत्रका आयोजना एवम् परियोजनाहरुको पहिचान गर्ने, लगानीको रणनीतिक योजना तर्जुम गर्ने र नेपाल सरकार, प्रदेश सरकार र गाउँपालिका र नगरपालिका गैर सरकारी संघ संस्था तथा निजी क्षेत्रबीच समन्वय गर्ने,

(३) जिल्लाभित्रका दुई वा सोभन्दा बढी गाउँपालिका तथा नगरपालिकाबीचका रणनीतिक महत्वका आयोजना तथा परियोजनाको पहिचान गरी सोको कार्यान्वयनमा सहजीकरण तथा समन्वय गर्ने,

(४) संघीय वा प्रदेश सरकारी कार्यालय र गाउँपालिका तथा नगरपालिकाबीच तथा जिल्लामा कार्यरत गैर सरकारी एवम् सामुदायिक संघसंस्था, जिल्लास्तरीय सञ्जालहरुबीच एकिकृत योजना प्रकृया, साझा कार्यप्रणाली तथा प्रभावकारी कार्यसम्पादनका लागि आवश्यक समन्वय गर्ने,

(५) जिल्लाभित्रको प्राकृतिक श्रोत साधनको दिगो उपयोग, वातावरणीय तथा पर्यावरणीय प्रभाव मूल्यांकन, प्रकोप तथा विपद् व्यवस्थापन सम्बन्धी अध्ययन, अनुसन्धान गर्ने र अन्तर गाउँपालिका नगरपालिकाबीचका त्यस्ता योजना र कार्यक्रमको सञ्चालन तथा व्यवस्थापन गर्न समन्वय गर्ने,

(६) जिल्लाभित्रको विकास तथा निर्माणसम्बन्धी कार्यमा स्थलगत समुदायगत, विषयगत क्षेत्रगत र पर्यावरणीय सन्तुलन तथा प्रतिफल प्राप्त भए नभएको सम्बन्धमा अध्ययन, अनुसन्धान एवम् अनुगमन गरी विकास निर्माण सम्बन्धी कार्यमा सन्तुलन कायम गर्नको लागि नेपाल सरकार, प्रदेश सरकार र गाउँपालिका तथा नगरपालिका र सरोकारवाला निकायहरुलाई सुझाव दिने,

(७) जिल्लाको समग्र विकासका लागि विभिन्न विषयमा सरोकारवालाहरुसँग समन्वय गर्ने,

(८) जिल्ला भित्रका विकास तथा निर्माण कार्यमा सन्तुलन कायम गर्ने र अनुगमनबाट प्राप्त निष्कर्षका बारेमा सम्बन्धित कार्यालयमा लेखी पठाउने,



नि. जिल्ला समन्वय अधिकारी

(९) जिल्लाभित्र सञ्चालित संघीय र प्रदेशस्तरीय आयोजना तथा परियोजनाको कार्यान्वयनमा समन्वय, सहजीकरण र सहयोग गर्ने,

(१०) जिल्लास्तरीय अन्तर गाउँपालिका तथा नगरपालिका खेलकूद प्रतियोगिता, कला, शैक्षिक प्रदर्शनी, कृषि प्रदर्शनीको आयोजना गरी उत्तम अभ्यासको प्रवर्द्धन तथा अन्तर गाउँपालिका तथा नगरपालिकाबीच विकासमा सकारात्मक ढंगले प्रोत्साहित गर्ने,

(११) आफ्नो काम कारवाहीको सम्बन्धमा मन्त्रालय र स्थानीय तहसम्बन्धी विषय हेर्ने प्रदेश सरकारको मन्त्रालयलाई प्रत्येक आर्थिक वर्ष समाप्त भएको पैंतालीस दिन भित्र प्रतिवेदन पेश गर्ने ।

ख. <u>अनुगमन कार्य</u>

(१) विद्युतीय प्रणालीमा जिल्ला अनुगमन विश्लेषण प्रणालीको स्थापना संचालन गर्ने,

(२) जिल्लाभित्रका नेपाल सरकार तथा प्रदेश सरकारका विषयगत कार्यालयहरुबाट भइरहेका चालू योजना र कार्यक्रमहरु गाउँपालिका तथा नगरपालिकासँगको समन्वयमा भए नभएको, दिगो विकास लक्ष्य प्राप्तिमा योगदान भए/नभएको तथा सेवाको गुणस्तर, परिणाम र समय कायम भए/नभएको विषयमा अनुगमन गरी नेपाल सरकार तथा प्रदेश सरकारमा सुझाव तथा प्रतिवेदन पेश गर्ने,

(३) गाउँपालिका र नगरपालिकाको देहायको विषयमा अनुगमन तथा कार्यसम्पादन मापन गरी आवश्यक परिपालना गर्न सुझाव दिनेः-

(क) गाउँपालिका र नगरपालिकाबाट संवैधानिक तथा कानूनी परिपालनाको विषय,

(ख) वित्तीय व्यवस्थापन तथा प्रभावकारिताको विषय,

(ग) सुशासन प्रवर्द्धनको विषय,

(घ) पदाधिकारीबीचको सुमधुर अन्तरसम्बन्धको विषय ।

(४) कानूनबमोजिम गाउँसभा, नगरसभा संचालन भए/नभएको अध्ययन गर्ने र नभएको भए तत्काल कानून बमोजिम गर्न सुझाव दिने,

(५) जिल्लाभित्र राष्ट्रिय तथा अन्तराष्ट्रिय गैर सरकारी संघसंस्था, विषयगत, क्षेत्रगत सञ्चालकबाट सञ्चालन भइरहेको चालू योजना र कार्यक्रमहरुमा स्थानगत, विषयगत क्षेत्रगत लगायतको सन्तुलन भए/नभएको तथा कार्यक्रमको प्रभावकारिता र व्यवस्थापनका विभिन्न चरणमा अनुगमन गरी आवश्यक सुझाव दिने।



नि. जिल्ला समन्वय अधिकारी

ग. सूचना, तथ्यांङ्क तथा अभिलेख व्यवस्थापन कार्य

(१) जिल्ला सूचना तथा अभिलेख केन्द्रको स्थापना तथा सञ्चालन गर्ने,

(२) नवीनतम् सूचना प्रविधिको प्रयोग गरी जिल्ला तहको जनसांख्यिक, प्राकृतिक, आर्थिक, सामाजिक, साँस्कृतिक, भौतिक पूर्वाधार, रोजगारीको अवस्था, कूल गार्हस्थ उत्पादन, प्रतिव्यक्ति आय, मानव विकास तथा लैंगिक सशक्तीकरण सूचकाङ्क, राजश्व तथा आयव्यय समेतको तथ्यांक सङ्कलन र प्रशोधन गरी नवीनतम् प्रविधियुक्त र राष्ट्रिय तथा स्थानीय सूचना प्रणालीमा अद्यावधिक गर्ने र जिल्ला पार्श्वचित्र, जिल्लाको श्रोत नक्सा, भौगोलिक सूचना प्रणालीको अद्यावधिक गरी अभिलेख राख्ने,,

३) जिल्लाभरिको सार्वजनिक सम्पत्ति, सामुदायिक सम्पत्ति, भवन, सडक, पसल, व्यवसायको विवरण सहितको तथ्याङ्क संकलन गरी अद्यावधिक अभिलेख राख्ने,

(४) जिल्लाभित्र सम्पन्न भएका तथा सञ्चालित चालु विकास आयोजना तथा परियोजनाको लगत राखे,

(५) जिल्लाभित्रका गाउँपालिका तथा नगरपालिकाले तर्जुमा गरेका कानूनहरुको अभिलेखीकरण गर्ने,

(६) जिल्लास्तरीय अन्य आवश्यक तथ्यांक तथा सूचनाको संकलन तथा अभिलेखन गर्ने ।

घ. क्षमता विकास कार्य

(१) गाउँपालिका तथा नगरपालिकाको आवश्यकता माग बमोजिमका विषयगत क्षेत्रमा क्षमता विकास योजना तर्जुमा गरी त्यस्तो कार्यमा सहयोग र समन्वय गर्ने,

(२) जिल्लाभित्रका गाउँपालिका तथा नगरपालिकाको क्षमता विकासको लागि प्रदेश तथा संघसँग समन्वय गर्ने,

(३) गाउँपालिका तथा नगरपालिकामा दिगो विकासका लक्ष्यसँग सम्बन्धित सूचना, शिक्षा र क्षमता विकास गतिविधि संचालन गर्न आवश्यक कार्य गर्ने,

(४) जिल्लाको विशिष्ठता अनुसार गाउँपालिका तथा नगरपालिकाबाट अभियानात्मक विकास गतिविधि सञ्चालन गर्न आवश्यक ज्ञान, सीप अभिवृद्धि कार्यक्रमं संचालन गर्न आवश्यक कार्य गर्ने,

(५) राजस्वका क्षेत्र पहिचान तथा सम्भाव्यता अध्ययन गरी श्रोतको उच्चतम परिचालनको लागि गाउँपालिका नगरपालिकालाई तालिम, अभिमुखीकरण प्रदान गर्ने एवम् आवश्यक सहयोग गर्ने,

(६) जिल्लास्तरीय विभिन्न सञ्जालहरुको संस्थागत क्षमता विकास सम्बन्धी कार्य गर्ने ।

नेपाल सरकार जिल्ला समन्वय समितिको कार्यालय मोरङ, विराटनगर कोशी प्रदेश, नेपाल

नि. जिल्ला समन्वय अधिकारी

ङ, व्यवस्थापन कार्य

जिल्लाभित्रका दुई वा सोभन्दा बढी गाउँपालिका तथा नगरपालिकाले आफ्नो कार्य सञ्चालन गर्दा लागत न्यूनीकरण, श्रोत साधनको अधिकतम उपयोग क प्रभावकारी सेवा प्रवाह सुनिश्चित गर्न देहायका कार्यहरु जिल्ला सभामार्फत् साझेदारी, सम्झौता वा संयुक्त व्यस्थापनमा गर्न सक्नेछ :-

(क) जिल्लास्तरीय यातायातको सञ्चालन तथा व्यवस्थापन नीति तथा मापदण्ड तर्जुमा र अनुगमन,

(ख) आधारभूत तथा माध्यामिक तहको प्राविधिक शिक्षाको सञ्चालन, प्रवर्द्धन र विकास,

(ग) फोहोरमैला विसर्जन स्थल वा प्रशोधन प्रणालीको विकास र सञ्चालन,

(घ) बृहत पूर्वाधार निर्माण, ठूलो मेसिन तथा औजार खरिद र व्यवस्थापन,

(ङ) बस्ती विकास तथा भू-उपयोग योजना,

(च) पर्यटन, प्रविधि तथा संस्कृतिको प्रवर्द्धन र विकास,

(छ) दमकल तथा एम्बुलेन्स सेवाको सञ्चालन,

(ज) असल अभ्यास र अनुभवको आदान प्रदान ।

च. प्राकृतिक प्रकोप तथा विपद् व्यवस्थापन सम्बन्धी कार्य

(१) आफ्नो जिल्लाभित्र कुनै प्राकृतिक प्रकोप, दुर्घटना वा कुनै विपद् देखा परेमा प्रकोप तथा विपद् व्यवस्थापनमा जिल्लाभरिका सबै गाउँ/नगरपालिकाबीच समन्वय गरी एकीकृत ढंगले कार्यक्रम संचालन गर्न पहल गर्ने,

(२) विपद् तथा प्रकोप व्यवस्थापनमा जिल्लाभरिका सबै निकायहरुबीच उद्धार र राहत कार्य प्रभावकारी बनाउन समन्वय गर्ने,

(३) विपद् तथा प्रकोप व्यवस्थापनमा प्रदेश सरकार तथा संघीय सरकारसँग समन्वय र सहकार्य गर्ने ।

नेपाल सरकार
जिल्ला समन्वय समितिको कार्यालय
मोरङ, विराटनगर
कोशी प्रदेश, नेपाल

नि. जिल्ला समन्वय अधिकारी

छ. भाषा, कला, र संस्कृति संरक्षण तथा प्रवर्द्धन सम्बन्धी कार्य

(१) जिल्लाभित्र प्रचलनमा रहेको भाषा कला र संस्कृतिको खोज, अध्ययन तथा अनुसन्धान गर्न स्थानीय सरकार तथा प्रदेश सरकारबीच समन्वय गर्ने,

(२) जिल्लाको भाषा, कला र संस्कृति संरक्षणसम्बन्धी कार्य गर्ने,

(३) जिल्लाभित्रका गैरसरकारी संस्था, दातृनिकाय, गुठी आदि सँगको समन्वयमा जिल्लाको भाषा, कला र संस्कृतिको प्रवर्द्धन गर्ने ।

४. जिल्ला सभाको अन्य कार्य

जिल्ला सभाले आफ्नो जिल्लामा भएका पूर्वाधार विकास तथा सेवा प्रवाहका सम्बन्धमा अनियमित ढंगले काम गरेको पाइएमा सम्बन्धित निकायलाई आवश्यक कारबाहीको लागि सिफारिस गर्न सक्नेछ र त्यस्तो निकायले यसरी सिफारिस भई आएको विषयमा तत्काल जाँचबुझ गरी आवश्यक कारबाही अगाडि बढाउनु पर्नेछ र सो को जानकारी सम्बन्धित जिल्ला समन्वय समितिलाई दिनु पर्नेछ ।

५. अर्थ सम्बन्धी कार्य

जिल्ला सभाले आर्थिक कार्य सम्पादन गर्ने विषय प्रचलित कानून बमोजिम हुनेछ ।

६. जिल्ला सभाले गर्ने कामसम्बन्धी व्यवस्था

नेपालको संविधान र यो ऐन बमोजिम जिल्ला सभाले सम्पादन गर्नुपर्ने सम्पूर्ण कार्य जिल्ला समन्वय समितले गर्नेछ




नि. जिल्ला समन्वय अधिकारी

## ३.जिल्ला समन्वय समितिको दरबन्दी संरचना र हाल कार्यरत कर्मचारीहरुको विवरण :

अनुसूची - १.७

जिल्ला समन्वय समितिको कार्यालय, (७७ जिल्ला) को प्रस्तावित संगठन संरचना




प्रमुखको निजि सचिवालयमा खटिने रा.प. अनं. प्रथम श्रेणीको पदमा जिल्ला समन्वय समितिको कुनै कर्मचारीलाई काजमा वा करारमा नियुक्त गर्न सकिने। त्यसरी करारमा नियुक्त गरिने कर्मचारी प्रमुखको पदावधि समाप्त भएपछि स्वतः अवकाश हुनेछ ।

दिनोद प्रकाश सिंह
सचिव

नेपाल सरकार
जिल्ला समन्वय समितिको कार्यालय
मोरङ, विराटनगर
कोशी प्रदेश, नेपाल

नि. जिल्ला समन्वय अधिकारी

दरबन्दी विवरण

| सि.न. | पदनाम | स्वीकृतदरबन्दी | पदपूर्ति | रिक्त | रिक्तप्रतिशत |
|---|---|---|---|---|---|
| जिल्ला समन्वय अधिकारी | | | | | |
| १. | रा.प.द्वितीय (प्र/सा.प्र) | १ | पदपुर्ति | | |
| व्यवस्थापन शाखा | | | | | |
| २. | शाखा अधिकृत, रा.प.तृतीय (प्र/सा.प्र) | १ | पदपुर्ति | | |
| ३. | ना.सु.,रा.प.अनं.प्रथम, (प्र/सा.प्र) | १ | पदपूर्ति | | |
| ४. | ले.पा.,रा.प.अनं.प्रथम(प्र/लेखा) | १ | पदपूर्ति | | |
| ५. | खरिदार, रा.प.अनं. द्वितीय (प्र/सा.प्र) | १ | पदपूर्ति | | |
| अनुगमन तथा मूल्याङ्कन शाखा | | | | | |
| ६. | ईन्जिनियर, रा.प.तृतीय (ईन्जि/सिभिल) | १ | पदपूर्ति | | |
| ७. | सव-ईन्जिनियर,रा.प.अनं.प्रथम (ईन्जि/सिभिल) | | | रिक्त | |
| करार | | | | | |
| ८. | निजी सचिव, ना.सु.रा.प.अनं. प्रथम वा सो सरह | १ | पदपूर्ति | | |
| ९. | ह.स.चा.(श्रेणीविहिन) | २ | पदपूर्ति | | |
| १०. | कार्यालय सहयोगी (श्रेणीविहिन) | ३ | पदपूर्ति | | |
| ११. | स्वीपर (विवध सेवा) | १ | कार्यरत | | |
| १२. | माली (विविध सेवा) | १ | कार्यरत | | |
| जम्मा | | १५ | १४ | १ | |



नेपाल सरकार
जिल्ला समन्वय समितिको कार्यालय
मोरङ, विराटनगर
कोशी प्रदेश, नेपाल

जिल्ला समन्वय अधिकारी

## हाल कार्यरत कर्मचारीहरुको विवरण

### स्थायी तर्फ

| क.स | कर्मचारीको नाम | पद | कैफियत |
|---|---|---|---|
| १ | श्री महेश पाण्डे | उप-सचिव | जिल्ला समन्वय अधिकारी |
| २ | श्री गिरिराज भट्टराई | शाखा अधिकृत | |
| ३ | श्री दिपेन्द्र साह | इन्जिनियर | |
| ४ | श्री सरिता पराजुली | नायब सुब्बा | सूचना अधिकारी |
| ५ | श्री रमेशचन्द्र दाहाल | लेखापाल | |
| ६ | श्री यादवदेवी सुवेदी | खरिदार | |

### सेवा करार तर्फ

| क.स | कार्मचारिको नाम | पद | कैफियत |
|---|---|---|---|
| १ | श्री सुजन पोखरेल | निजी सचिव | |
| २ | श्री हरि बहादुर खत्री | का.स | |
| ३ | श्री सुरेन्द्र कुमार साह | का.स. | |
| ४ | श्री कमल भण्डारी | का.स. | |
| ५ | श्री दुर्गा बहादुर सिंखडा | ह.स.चा | |
| ६ | श्री विक्की थापा मगर | ह.स.चा | |
| ८ | श्री ललिता देवी मरिक | स्वीपर | विविध सेवा |
| ९ | श्री प्रकाश मण्डल | माली | विविध सेवा |

## ४. जिल्ला समन्वय समितिको कार्यालयबाट प्रदान गरिने सेवाः

- बुँदा नं २ मा उल्लेख भए बमोजिम र सो संग सम्बन्धित सबै प्रकारका सेवाहरु,
- विभिन्न निकायहरुबीच समन्वय र अनुगमन सम्बन्धी कार्यहरु,
- कर्मचारीहरुको कार्य सम्पादन मूल्याङ्कन व्यवस्थापन तथा कार्यान्वयन सम्बन्धी कार्यहरु,
- विभिन्न सरकारी तथा गैह्रसरकारी संघ/संस्था (NGO) हरुको व्यवस्थापन सम्बन्धी कार्यहरु,
- स्थानीय पूर्वाधार विकास साझेदारी कार्यक्रम स्वीकृतिको लागि समन्वय गर्ने,
- विभिन्न संघ, संस्था र कार्यालयहरुलाई आवश्यकता बमोजिम सिफारिस उपलब्ध गराउने,



नेपाल सरकार जिल्ला समन्वय समितिको कार्यालय मोरङ, बिराटनगर कोशी प्रदेश, नेपाल

प्र. जिल्ला समन्वय अधिकारी

- संघीय सरकार, प्रदेश सरकार र स्थानीय तहहरुबीच आवश्यकता बमोजिम समन्वयात्मक भूमिकाका कार्यहरु,
- जि.स.स. मौज्दात कोष संचालन र कार्यक्रम व्यवस्थापन सम्बन्धी कार्यहरु लगायत ।

## ५. सेवा प्रदान गर्ने जिम्मेवार शाखा र जिम्मेवार अधिकारी, सम्बन्धित शाखा प्रमुख

| क्र.स | शाखा | शाखा प्रमुखको नाम | पद |
|---|---|---|---|
| | व्यवस्थापन | श्री महेश पाण्डे | उप-सचिव (जिल्ला समन्वय अधिकारी) |
| १ | व्यवस्थापन | श्री गिरिराज भट्टराई | शाखा अधिकृत |
| २ | अनुगमन तथा मुल्याकन शाखा | श्री दिपेन्द्र साह | इन्जिनियर |
| ३ | व्यवस्थापन/जिन्सी | श्री सरिता पराजुली | नायब सुब्बा |
| ४ | आर्थिक प्रशासन | श्री रमेशचन्द्र दाहाल | लेखापाल |
| ५ | व्यवस्थापन | श्री यादवदेवी सुवेदी | खरिदार |

## ६. सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधिः

जिल्ला समन्वय समितिबाट प्रदान गरिने सेवाहरु निःशुल्क रुपमा र यथाशक्य छोटो समयमा प्रदान गरिदैं आईएको छ ।

## ७. निर्णय गर्ने प्रक्रिया र अधिकारीः

- शाखासंग सम्बन्धित नियमित कामहरु शाखा प्रमुखबाट निर्णय हुने,
- विशेष निर्णय तथा कार्यालय प्रमुखबाटै हुनुपर्ने भनी तोकिएको कामहरु कार्यालय प्रमुखबाट निर्णय हुने,
- नीतिगत तथा व्यवस्थापन सम्बन्धी कार्यहरु जिल्ला समन्वय समिति प्रमुखबाट हुने,
- नीतिगत विषयका निर्णयहरु जिल्ला समन्वय समितिबाट हुने,
- नीतिगत निर्णयहरु, कार्यक्रम तथा बजेट स्वीकृत जिल्लासभाबाट हुने,

## ८) निर्णय उपर उजुरी सुन्ने अधिकारी

- जिल्ला समन्वय अधिकारी मातहतबाट भएको निर्णयको जिल्ला समन्वय अधिकारी,
- जिल्ला समन्वय अधिकारीबाट भएको निर्णयको जिल्ला समन्वय समिति प्रमुख,
- सूचना अधिकारीको निर्णय उपर परेको उजुरी जिल्ला समन्वय अधिकारी,

नि. जिल्ला समन्वय अधिकारी

- दैनिक सेवा प्रवाह तथा कर्मचारीको कार्य व्यवहारबारे गुनासो सम्बन्धी उचित सम्बोधन गर्ने जिल्ला समन्वय अधिकारी ।

९. सम्पादन गरिएका कामको विवरण (२०८२ बैशाख देखि असार मसान्तसम्म)

१) <u>अनुगमन मूल्यांकन</u>

- जि.स.स. मौज्दात कोष संचालन निर्देशिका, २०७५ बमोजिम मोरङ्गका स्थानीय तहहरु र जिल्ला समन्वय समितिबीच लागत साझेदारीमा संचालित योजनाहरुको विभिन्न मितिमा स्थानीय तहमा स्थलगत अनुगमन सम्बन्धी कार्यहरु गरियो।

- प्रदेश समन्वय परिषद्को छैटौं बैठकको निर्णय अनुसार मोरङ्ग जिल्लाका स्थानीय तहमा प्रदेश सरकार द्वारा संचालित तीन करोड वा सो भन्दा माथिका योजना/आयोजनाहरुको विभिन्न मितिमा स्थलगत अनुगमन गरी प्रतिबेदन सम्बन्धित निकायमा उपलब्ध गराईएको।

- महिला बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालयको निर्देशन बमोजिम मोरङ्गका सबै स्थानीय तहहरुमा सामाजिक विकास कार्यक्रमको अनुगमन गरी प्रतिबेदन सम्बन्धीत निकायमा पेश  गरियो।

<u>२.कार्यक्रम सम्बन्धमा</u>

- एकद्वार संकट ब्यवस्थापन केन्द्र र सुरक्षित आबास गृहमा बिधमान गुनासो सुनबाई संयन्त्रमा लैङ्गिक दृष्टिकोण सम्बन्धी अन्तर्क्रिया कार्यक्रम संचालनका लागी समन्वयात्मक कार्य गरियो।

- नेपाल परिवार नियोजन संघ मोरंङ शाखा द्वारा संचालन गरिने यौन तथा प्रजनन स्वास्थ्य/परिवार नियोजन सेवाको संचालनको लागि पूर्व सहमिति तथा सिफारिस दिने प्रयोजनार्थ समाज कल्याण परिषद्को नियमानुसार परियोजना सल्लाकार समितिको (DPAC) को बैठक संचालनका लागि समन्वय गरियो।

- एकद्वार संकट ब्यबस्थापन केन्द्र द्वारा संचालित लैङ्गिक हिंसा ब्यबस्थापन सल्लाहकार समितिको बैठक संचालनका लागि आवश्यक समन्वयात्मक भुमिका निर्वाह गरियो।

३) ढुङ्गा, गिट्टी, वालुवा उत्खनन्, बिक्री तथा व्यवस्थापन सम्बन्धी मापदण्ड, २०७७ बमोजिम नदीजन्य तथा खानीजन्य पदार्थ जिल्ला अनुगमन समितिको बैठक आयोजना तथा संचालन गरि विभिन्न मितिमा स्थलगत अनुगमन सम्बन्धी कार्यहरु गरियो।

४) जिल्ला समन्वय समिति प्रमुख श्री अजम्बर राई ज्यूले यस समितिको प्रमुखको रुपमा जिल्ला तथा कोशी प्रदेशमा संचालित विभिन्न कार्यक्रमहरुमा कार्यक्रमलाई प्रभावकारी बनाउने उदेश्यका साथ अध्यक्षता गहण तथा सहभागिता जनाउने गर्नु भएको।

५) साथै कार्यालयका अन्य दैनिक प्रशासनिक कार्यहरु संचालन गर्दै आईरहेको।

नि. जिल्ला समन्वय अधिकारी

## ङ. जिल्ला समन्वय समितिको बैठक

| देहायको मितिमा जि.स.स.को नियमित बैठक बस्योः- | | | |
|---|---|---|---|
| क्र.स. | मिति. | मुख्य निर्णयहरु | कैफियत |
| १. | मिति २०८१/०१/२४ ४३ औ बैठक | १. महिला बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयको च.नं. स.शा.९० मिति २०८२/०१/२३ को पत्रानुसार कार्यक्रममा सहभागिता जनाउने।<br><br>२. रतुवामाई नगरपालिकालाई मौज्दात कोष संचालन निर्देशिका, २०७५ बमोजिम कार्यक्रम व्यवस्थापन समितिबाट योजना स्वीकृत गरी सम्झौता नियमानुसार गर्ने ।<br><br>३. अनुगमन तथा मूल्यांकन ऐन, २०८०, कोशी प्रदेश जिल्ला सभा ऐन, २०७५, ढुंगा, गिट्टी, बालुवा उत्खनन् विक्री तथा व्यवस्थापन सम्बन्धी मापदण्ड, २०७७ लगायत कानूनी व्यवस्था बमोजिम यस जिल्लाका स्थानीय तहका विकास निर्माण, नदीजन्य पदार्थको उत्खनन् लगायत पक्षको अनुगमन तथा मूल्यांकनको कार्य यस समितिबाट हुँदै आएकोमा यस समितिको कार्यालयमा स्रोत साधनमा सिमितता रहेको हुँदा सवारी साधन नर्मत नगरी संचालन नै हुन नसक्ने अवस्था भएकोले सवारी साधन मर्मतको लागि विभिन्न स्थानीय तहहरुबाट प्रशासनिक खर्च माग गर्ने । | |
| २. | मिति २०८१/०२/०९ ४४ औ बैठक | १. आ.व. २०८१/०८२ को लागि महिला बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयले जिल्ला समन्वय समितिलाई "सामाजिक विकास कार्यक्रमको अनुगमन" को लागि विनियोजित बजेट अनुसार अनुगमनका कार्य गर्ने ।<br><br>२. ऊर्जा, जलस्रोत तथा सिंचाई मन्त्रालयको च.नं.८०८, मिति २०८२/०१/३१ को निर्णय अनुसार कामकाज गर्न खटाइएको सब-इन्जिनियर श्री प्रियंका प्रधानलाई यस कार्यालयको तर्फबाट शुभकामना तथा सफल कार्यकालको कामना गर्दै बैठकलाई अन्त्य। | |



नि. जिल्ला समन्वय अधिकारी

| | | |
|---|---|---|
| ३. | मिति<br>२०८२/०३/१६<br>४५ औ बैठक | १. केरावारी गा.पा लाई सवारी मर्मत कार्यको लागि मर्मत आदेश र भुक्तानी गरि सहयोग गरिदिनु हुन भन्ने आशयको पत्रलाई आजको यस बैठक बाट अनुमोदन गर्ने।<br>२. मिक्लाजुङ्ग गा.पा. सवारी साधन मर्मतको लागि अनुरोध गर्दा प्राप्त भएको कोष तथा लेखा नियन्त्रकको कार्यालयको खातामा रहेको रकमलाई बजेटमा आम्दानी बाधी सवारी मर्मतको रकम भुक्तानी गर्ने ।<br><br>३. निर्णय नं. १ र २ बाट प्राप्त हुने रकमले सवारी मर्मतको भुक्तानी गर्न अपुग हुने अवस्था देखिएकोले सबारी मर्मतका लागि बाकी मर्मत खर्च लेटाङ्ग गा.पा संग भुक्तानीको लागि अनुरोध गर्ने ।<br><br>४. संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको पत्रानुसार चालु आ.व.को बजेट अनुसार खर्च हुन बाकी रकम अपुग हुने शिर्षकमा रकमान्तर गर्ने ।<br><br>५. यस समितिमा रहेका सटर भाडा र हल भाडाबाट प्राप्त रकम यसै कार्यालयका सटर, हल मर्मत सम्भार तथा प्रशासनिक कार्य गर्न सभाको निर्णयले खर्च गर्न पाउने व्यबस्था सहित नीतिगत निर्णय तथा मौज्दात कोष संचालन निर्देशिका ससंसंसोधनको ब्यबस्था गर्न संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयलाई अनुरोध गर्ने । |
| ४. | मिति<br>२०८२/०३/२४<br>४६ औ बैठक | १. जिल्ला समन्बय समिति मोरङ्ग लाई संम्बोधन गरी जिल्ला प्रशासन कार्यालय मोरङ्गको पत्रअनुसार माँग भएको विवरण ढुंगा, गिट्टी, बालुवा, उत्खन्न, विक्री तथा ब्यबस्थापन सम्बन्धी मापंदण्ड, २०७७ अनुसार जिल्लाको अनुगमन समितिलाई पठाउने निर्णय,<br><br>२. जिल्ला समन्बय समति मोरङको चालू आ.व. २०८१/०८२ मा भए/गरेका कामको समिक्षा गर्दै यस आ.व को बैठक लाई गर्ने। |

<u>सूचना अधिकारी र प्रमुखको नाम, पद र सम्पर्क नं.</u>

क) कार्यालय प्रमुखः जिल्ला समन्वय अधिकारी श्री महेश पाण्डे - मो.नं. ९८५२०६६२२२

लिङ्कः- https://dccmorang.gov.np/profiles/30

ख) सूचना अधिकारीः- नायव सुब्बा श्री सरिता पराजुली - मो.नं. ९८५२०८१०३८, ९८४२०२३५५१

लिङ्कः- https://dccmorang.gov.np/profiles/31



नि. जिल्ला समन्वय अधिकारी

## ११. ऐन, नियम, विनियम वा निर्देशिकाहरुको सूची

- स्थानीय सरकार संचालन ऐन, २०७४
- जि.स.स. मौज्दात कोष संचालन निर्देशिका, २०७५
- जिल्ला सभा ऐन, २०७५
- जिल्ला सभा सञ्चालन (कार्यविधि) ऐन, २०७५
- विपद् व्यवस्थापन ऐन, २०७५
- जिल्ला सभा र जिल्ला समन्वय समितिका सदस्यहरुको सुविधा सम्बन्धी ऐन, २०७५
- सार्वजनिक खरिद ऐन, २०६३ र नियमावली, २०६४
- भ्रमण खर्च नियमावली, २०६४
- सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन, २०६४
- भ्रष्टाचार निवारण ऐन, २०५९
- आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र नियमावली, २०७७
- ढुङ्गा, गिट्टी, बालुवा उत्खनन्, बिक्री तथा व्यवस्थापन सम्बन्धी मापदण्ड, २०७७
- निजामती सेवा ऐन, २०४९ र नियमावली, २०५०
- संघ, प्रदेश र स्थानीय तह (समन्वय तथा अन्तरसम्बन्ध) ऐन, २०७७
- वातावरण संरक्षण ऐन, २०७६

## १२. आम्दानी, खर्च तथा आर्थिक कारोबार सम्बन्धी विवरण

### २०८१ असार मसान्तसम्मको आय र व्यय विवरणः-

१) जि.स.स.को आफ्नो स्वः आर्जन तर्फः-

आम्दानी (सटर/पसल भाडा, हल भाडा वापत) संकलित

| सि.नं. | आम्दानी शीर्षक नं. | कार्यक्रमको नाम | लक्ष्य आम्दानी रकम रु. | असार मसान्तसम्म प्रगति रकम रु. | कैफियत |
|---|---|---|---|---|---|
| १. | सटर भाडा वापत | सटर भाडा वापत. | २०,००,०००/- | १९,५३,३६३।०६ | |
| २. | स्थानीय विकास कोष | सवारी मर्मत वापत | ३,००,०००/- | ३,००,०००/- | |



अधिकारी

२). <u>नेपाल सरकारबाट प्राप्त अख्तियारी तथा खर्च विवरण(जि.स.स. अनुदान)</u>

| कार्यक्रमको नाम | | अन्तिम बजेट | यस महिना सम्मको खर्च | बाँकी बजेट | प्रगति प्रतिशत |
|---|---|---|---|---|---|
| 1100001-नेपाल सरकार/प्रदेश सरकार | | २८,६३६,७२०.०० | २७,८५१,०१७.७८ | ७८५,७०२.२२ | ९७.२६ |
| सरकारी निकाय, समिति एवं बोर्डहरुलाई सःशर्त चालु अनुदान | 01-नगद | १४,२९१,७२०.०० | १४,२८३,११८.०० | ८,६०२.०० | ९९.९४ |
| | 02-नगद (आन्तरिक ऋण) | १४,३४५,०००.०० | १३,५६७,८९९.७८ | ७७७,१००.२२ | ९४.५८ |
| जम्मा | | २८,६३६,७२०.०० | २७,८५१,०१७.७८ | ७८५,७०२.२२ | ९७.२६ |

## १३. तोकिए बमोजिमका अन्य विवरणः

- नेपाल सरकार र सम्बन्धित मन्त्रालय र विभागबाट प्राप्त परिपत्र, निर्देशन बमोजिमका कार्यहरु,
- विभिन्न समिति, उप-समितिका विभिन्न कार्यक्रमहरुमा तोकिए बमोजिम अध्यक्षता एवं प्रतिनिधित्व ।

## १४. अघिल्लो आ.व. मा संचालित कार्यक्रमहरुः

## १५. कार्यालयको वेभसाईट, ईमेल ठेगाना तथा सामाजिक सञ्जालः

यस कार्यालय वेभसाईट www.ddcmorang.gov.np

ईमेल ठेगाना ddcmorang@gmail.com

फेसबुक पेज www.facebook.com/Dccmorang

नि. जिल्ला समन्वय अधिकारी

१६. सूचना प्रयोजनले प्राप्त गरेको वैदेशिक सहायता, ऋण, अनुदान एवं सम्झौता सम्बन्धी विवरण:

यो अवधिमा कुनै प्रकारको सहायता, ऋण, अनुदान एवं सम्झौता नभएको ।

१७. जिल्ला समन्वय समिति मोरङले संचालन गरेको कार्यक्रम र सोको प्रतिवेदन :

- प्रत्येक महिना जि.स.स. पदाधिकारीहरुको नियमित बैठक बस्ने र समिक्षा हुने गरेको र आवश्यकता अनुसार समय-समयमा बैठक बस्ने गरेको,
- स्वास्थ्य, शिक्षा, कृषि, मानव अधिकार र वातावरण सम्बन्धी विषयगत कार्यालयको समिक्षात्मक बैठक तथा गोष्ठी संचालनमा समन्वयात्मक भुमिका निर्वाह गरेको ।

१८. जिल्ला समन्वय समिति, मोरङले वर्गिकरण तथा संरक्षण गरेको सूचनाको नामावली:

यस कार्यालयको सूचना हालसम्म वर्गिकरण नगरिएको ।

१९. जिल्ला समन्वय समिति, मोरङमा परेका सूचना माग सम्बन्धी निवेदन र सूचना दिइएको विषय:

सूचनाको हकसम्बन्धी ऐन, २०६४ र सूचनाको हकसम्बन्धी नियमावली, २०६५ बमोजिम यस चौथो त्रैमासिकमा विभिन्न व्यक्तिहरुबाट मौखिक रुपमां सूचना माग गरे बमोजिम सूचनाहरु उपलब्ध गराईयो । लिखित रुपमा कुनैपनि सूचना माग नगरिएको ।

२०. जिल्ला समन्वय समिति, मोरङका सूचनाहरू अन्यत्र प्रकाशन भएका वा हुने भए सोको विवरण:

जिल्ला समन्वय समितिका सबै गतिविधिहरु वेबसाईट, कार्यालयको फेसबुक र सूचना बोर्डमा नियमित रुपमा अद्यावधिक गरी सूचना प्रवाह गर्ने गरिएको छ ।

नि. जिल्ला समन्वय अधिकारी

अनुसूचिः१

<u>जिल्ला समन्वय समिति मोरङ्गका पदाधिकारीज्यूहरुको सम्पर्क नम्बर सहितको विवरण</u>


| क सं | नाम,थर | पद | सम्पर्क नम्बर |
|---|---|---|---|
| १. | अजम्बर राई | जि.स.स. प्रमुख | ९८४२०५६९२० |
| २. | उषा झा | जि.स.स. उप-प्रमुख | ९८४२०२६१३८ |
| ३. | हरिमाया विश्वकर्मा | महिला सदस्य | ९८४२२२८४५१ |
| ४. | उमा नेपाली | महिला सदस्य | ९८४२२००४७२ |
| ५. | उर्वशी कुमारी थारू | महिला सदस्य | ९८१०४०५६०८ |
| ६. | तुलसी प्रसाद घिमिरे | सदस्य | ९८४२१९६४६७ |
| ७. | मित्र प्रसाद ढकाल | सदस्य | ९८५२०२३६२९ |
| ८. | देवमणि कटुवाल | सदस्य | ९८४२०९३३२२ |
| ९. | चन्द्र कुमार सरदार | सदस्य | ९८१५९०२५३७ |


नि. जिल्ला समन्वय अधिकारी


# अनुसूचिः२

## जिल्ला समन्वय समिति मोरङबाट सम्पादित मुख्य मुख्य क्रियाकलापहरुका केही झलकहरुः

1. अनुगमन














अधिकारी









नेपाल सरकार
जिल्ला समन्वय समितिको कार्यालय
मोरङ, विराटनगर
कोशी प्रदेश, नेपाल

जिल्ला समन्वय अधिकारी

२.जि.स.स बैठक:











जिल्ला समन्वय अधिकारी





समाप्त।



नि. जिल्ला समन्वय अधिकारी